## दोस्रो वैठक

आज मिति २०८० श्रावण ३२ गते विहीवारका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिल पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको वैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : साङ्वु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शेर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री वच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री वीर वहादुर बस्नेत

<u>आमन्त्रितहरु :</u>

१, श्री भवानी प्रसाद मिश्र, लेखा अधिकृत

२, श्री नवराज खत्री, शाखा अधिकृत

३, श्री विरेन्द्र कुमार श्रेष्ठ, वि. नि.

४, श्री गंगा सागर पाउडेल, I.T Officer

५, श्री पुण्य प्रसाद पराजुली, प्रविधि शाखा

६, श्री [illegible] खनाल, आ. ले. प.

**प्रस्तावहरु :**

१. सेवा करारमा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।

२. लम्की स्कीन रोग विरुद्धको औषधि तथा भक्सिन खरिद सम्वन्धमा ।

३. टयाङथली सामुदायिक स्वास्थ्य इकाइमा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

४. आ.ब. २०७९/०८० को समिक्षा कार्यक्रम तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धमा ।

५. आ.ब. २०७९/०८० स्वास्थ्य शाखाको समिक्षा कार्यक्रम सम्बन्धमा ।

६. शिक्षकको काज सरुवा सम्बन्धमा ।

७. शिक्षा शाखा बाट पेश भएको आ.ब. २०८०/०८१ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन स्वीकृत सम्बन्धमा ।

८. कोचीङ कक्षा सम्बन्धमा ।

९. भुक्तानी सम्बन्धमा ।

१०. कृषि तथा पशु सेवा शाखा तर्फको कार्यक्रम संचालन समिति गठन सम्वन्धमा ।

११. विविध सम्बन्धमा ।

निर्णयहरु

१. यस भोटेकोशी गाउँपालिकामा विगत आर्थिक बर्ष देखि सेवा करारमा कार्यरत कर्मचारीहरुको आ.व २०८० असार मसान्त देखि करार म्याद सकिएको हुँदा आ.व २०८०/०८१ मा तपसिल बमोजिमको कर्मचारीहरुको करार म्याद २०८० श्रावण मसान्त सम्म मात्र थप गर्ने र बाँकि कर्मचारीहरुको करार म्याद २०८० असोज मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

तपसिल

- ममता वि.क. कृषि प्राविधि — भोटेकोशी गाउँपालिकाको कार्यालय
- सुसन लामा (कार्यालय सहयोगी) - गाउँ कार्यपालिकाको कार्यालय
- आइतमान थामी (कार्यालय सहयोगी) - गाउँ कार्यपालिकाको कार्यालय
- रविना बुढाथोकी (कार्यालय सहयोगी) - ४ नं. वडा कार्यालय
- दोर्जे तामाङ (कार्यालय सहयोगी) - ५ नं. वडा कार्यालय
- चङके तामाङ (कार्यालय सहयोगी) - श्री मार्मिङ मा.वि. वडा नं. ५
- सोना शेर्पा (कार्यालय सहयोगी) - देउढुङ्गा आ.वि. वडा नं. ५

२. महामारीको रुपमा फैलिएको लम्की स्कीन रोग यस भोटेकोशी गाउँपालिकामा महामारीको रुपमा फैलिएर गाउँपालिकाका भित्र पालिएका पशुहरुमा पनि यो रोगको व्यापक संक्रमण देखिएकोले उक्त रोग रोकथामको लागि लम्की स्कीन रोग विरुद्धको औषधि तथा भाक्सिन खरिद गरि खोप अभियान मार्फत सम्पूर्ण निरोगी गाइ भैसी गोरु लगायतका पशुहरुलाई भ्याक्सिनेशन गर्नुपर्ने भएकोले उक्त भक्सिन तथा औषधि बापतको खर्च विपद व्यवस्थापन कोष वाट भुक्तानी हुने गरी खरिद गर्ने निर्णय गरियो ।

३. टयाङथली सामुदायिक स्वास्थ्य इकाइका लागि एक जना स्वास्थ्यकर्मि (अ.हे.व) को दरवन्दी स्वीकृत गरी सो दरवन्दिमा कर्मचारी नियूक्ति गरी सामुदायिक स्वास्थ्य इकाइ संचालन गर्ने निर्णय गरियो ।

४. आ.ब. २०७९/०८० को बार्षिक समिक्षा कार्यक्रम मिति २०८० भाद्र २२ गते गाउँपालिकाको सभा हलमा गर्ने निर्णय गरियो।

५. आ.ब. २०७९/०८० स्वास्थ्य शाखाको बार्षिक समिक्षा कार्यक्रम मिति २०८० भाद्र ११ गते गाउँपालिकाको सभा हलमा गर्ने निर्णय गरियो।

६. श्री धनेश्वरी मा.वि मा कार्यरत मा.वि शिक्षक श्री संजिव श्रेष्ठलाई श्री झिर्पू मा.वि मा काज सरुवा गर्ने साथै सोहि विद्यालयमा कार्यरत लेखापाल श्री ओम कुमारी श्रेष्ठलाई श्री थापी नारायण मा.वि सुनखानीमा काज सरुवा गर्ने निर्णय गरियो ।

७. शिक्षा शाखा बाट पेश भएको आ.ब. २०८०/०८१ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन स्वीकृत गर्ने निर्णय गरियो ।

८. यस भोटेकोशी गाउँपालिकामा अध्ययनरत कक्षा १० का विद्यार्थिहरुको SEE तयारीका लागि मा.वि संचालित विद्यालयहरुमा कोचीङ कक्षा संचालन गर्न तपसिल बमोजिम रकम खेलकुद प्रशिक्षण तथा विकास कार्यक्रमबाट रु ५ लाख ४० हजार निकासा दिने निर्णय गरियो ।

तपशिल

| क्रस | विद्यालय | विषय(अग्रेजी/गणित/विज्ञान) | महिना | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | श्री झिर्पू मा.वि | ३*२ | ५ | ६००० | १,८०,००० |
| २ | श्री कोदारी मा.वि | ३ | ५ | ६००० | ९०,००० |
| ३ | श्री मार्मिङ मा.वि | ३ | ५ | ६००० | ९०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | श्री भिमसेन मा.वि | ३ | ५ | ६००० | ३०,००० |
| ५ | श्री उग्रचण्डी मा.वि | ३ | ५ | ६००० | ३०,००० |
| | जम्मा | | | | ५,४०,००० |

९. गाउँपालिकाको प्रशासकीय भवनको कार्यालय व्यवस्थापनको लागि पार्केटिङ वापत भएको खर्च ८ लाख ४२ हजार र पर्दा तथा कार्पेट व्यवस्थापन वापतको रु ६ लाख ५२ हजार योजनाहरुको Contingency रकम बाट भुक्तानी दिने निर्णय गरियो ।

१०. यस भोटेकोशी गाउँपालिकाको कृषि तथा पशु सेवा शाखा तर्फको कार्यक्रम संचालनको लागि तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

१. गा.पा अध्यक्ष - संयोजक
२. गा.पा उपाध्यक्ष - सदस्य
३. प्र.प्र.अ - सदस्य
४. योजना शाखा प्रमुख - सदस्य
५. पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
६. सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव

११.

क) भोटेकोशी गाउँपालिकाको आन्तरिक नियन्त्रण अनुगमन समिति तपशिल बमोजिमको गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. श्री पासाङ नुर्पु शेर्पा | गा.पा अध्यक्ष | संयोजक |
| २. श्री दिछेन शेर्पा | गा.पा उपाध्यक्ष | सदस्य |
| ३. श्री निमी शेर्पा | महिला कार्यपालिका सदस्य | सदस्य |
| ४. श्री टासी शेर्पा | विपक्ष दलको कार्यपालिका सदस्य | सदस्य |
| ५. श्री भवानी प्रसाद मिश्र | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ६. श्री संजिव खनाल | आन्तरिक लेखा परिक्षक | सदस्य सचिव |

ख) श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च नं D3-8081-290 मिति २०८०/०४/११ को प्राप्त पत्रानुसारको सुझाव बैठकमा छलफल गरियो ।

ग) छ्याङसिङ देखि भाल्डोङ र लिस्ती देखि सेबुङ सम्मको विभिन्न स्थानहरुमा मनसुनले क्षति पुर्याएको मोटर बाटोको विपद व्यवस्थापन कोष बाट रु १ लाख ३५ हजार वराबरको मर्मत खर्च भुक्तानि दिने निर्णय गरियो ।

घ) भोटेकोशी गाउँपालिका खरिद समिति तपशिल बमोजिमको गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) जिन्सी शाखा प्रमुख | सदस्य सचिव |

आमन्त्रित

विषयगत शाखा प्रमुख

समाप्त